"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
## Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
**PO Box** : 14286, Kathmandu, Nepal
**Tel** : (977-1) 4525692, 4520559
**Email** : info@muannepal.org.np, muan@ntc.net.np

Ref. ८३/८४ - ६२ मिति: २०८३/०५/२६

श्रीमान् सचिवज्यू,
सार्वजनिक खरीद अनुगमन कार्यालय
केसरमहल, काठमाडौँ, नेपाल।

**विषय: विद्युतीय खरीद प्रणाली (e-GP System) तथा सुत्र (SuTRA) सफ्टवेयरका समस्या यथाशीघ्र समाधान गरी वित्तीय पारदर्शिता र उत्तरदायित्व कायम गराउन ध्यानाकर्षण**

उपरोक्त विषयमा, सार्वजनिक खरीद अनुगमन कार्यालय बाट मिति २०८३/०५/११ मा जारी गरिएको सूचना (च.नं. MIT/१८२) अनुसार विद्युतीय खरीद प्रणाली (e-GP System) स्थगन गरी हार्डकपी मार्फत खरीद प्रक्रिया अगाडि बढाउने निर्णयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सार्वजनिक खरीदमा हार्डकपीको प्रयोगले खरीद प्रणालीमा पुनः वित्तीय सुशासनको जोखिम (Fiduciary Risk) निम्त्याउन सक्ने अवस्था रहेको छ। विद्युतीय खरीद प्रणाली (e-GP) ले सार्वजनिक खरीद प्रक्रियामा हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा, मिलेमतो, भौतिक अवरोध तथा भ्रष्टाचारलाई न्यूनीकरण गर्दै वित्तीय पारदर्शिता र सुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। प्रणालीलाई पूर्ण रूपमा बन्द गरी पुनः परम्परागत हार्डकपी प्रक्रियामा फर्कँदा सार्वजनिक खरीद प्रक्रियाको निष्पक्षता, पारदर्शिता र जवाफदेहितामा गम्भीर प्रश्न उठ्ने जोखिम रहन्छ।

साथै, विगत केही समयदेखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सफ्टवेयरमा समेत समस्या आएको भन्दै विभिन्न नगरपालिकाहरूबाट पटक-पटक समाधानका लागि पहल गर्न माग भएकाले सो सफ्टवेयरमा देखिएका प्राविधिक जटिलताहरू समेत अविलम्ब समाधान गर्न ध्यानाकर्षण गराउँदछौं।

अतः सार्वजनिक वित्तको सदुपयोग र पारदर्शी प्रतिस्पर्धात्मक वातावरण कायम राख्न e-GP प्रणाली तथा SuTRA सफ्टवेयरमा देखिएका समस्याको शीघ्र निराकरण गरी प्रणालीहरूलाई यथाशीघ्र सुचारु गर्न देहाय बमोजिमका मागहरू प्रस्तुत गर्दै तत्काल कदम चाल्न जोडदार माग गर्दछौं:

- तत्काल प्राविधिक समाधान: e-GP प्रणाली र SuTRA सफ्टवेयरको मर्मतसम्भार तथा सुधार कार्यलाई उच्च प्राथमिकतामा राखी यथाशीघ्र पूर्ण रूपमा पुनः सञ्चालनमा ल्याइयोस्।
- स्पष्ट कार्यतालिका र सूचना: e-GP प्रणाली तथा SuTRA सफ्टवेयर कहिले सम्ममा पूर्ण रूपमा सञ्चालनमा आउँछन् भन्ने स्पष्ट समयसीमा सार्वजनिक गरियोस्।

........................
भिम प्रसाद ढुगांना
अध्यक्ष